# नेपालले चारदेशीय शृंखला खेल्ने

**हिमालय टाइम्स**

**काठमाडौं, ८ माघ**



नेपाली राष्ट्रिय क्रिकेट टोलीले आइसिसी पुरुष टी-२० विश्वकपको ग्लोबल छनोटअघि आयोजनास्थल  ओमानमा चारदेशीय टी-२० शृंखला खेल्ने भएको छ। नेपाल क्रिकेट संघ (क्यान) का अनुसार नेपालले आयरल्यान्ड, युएई र घरेलु टोली ओमानविरुद्धको टी-२० शृंखला खेल्न लागेको हो।

तीनवटै टोलीसँग नेपालले एक/एक अन्तर ाष्ट्रिय टी-२० खेल खेल्नेछ। खेलतालिकाअनुसार नेपालले फेब्रुअरी ११ मा ओमान, फेब्रुअरी १२ मा युएई र फेब्रुअरी १४ मा आयरल्यान्डसँग खेल्नेछ। ग्लोबल छनोटको समूह 'ए' अन्तर्गतका खेलहरू फेब्रुअरी १७ देखि २४ तारिखसम्म हुनेछन्।

उक्त समूहमा आयोजक ओमानसहित नेपाल, फिलिपिन्स, क्यानडा, युएई, बहराइन, आयरल्यान्ड र जर्मनी रहेका छन्। नेपाली टोली फेब्रुअरी ९ तारिखमा ओमान प्रस्थान गर्ने कार्यक्रम रहेको क्यानले जनाएको छ।

यसै प्रतियोगिताका लागि नेपालले आफ्नो तयारी तीव्र पारेको छ। नेपाल क्रिकेट संघ (क्यान) ले बिहीबारमात्रै प्रतियोगिताका लागि अन्तिम १६ सदस्यीय टोलीको घोषणा गरेको छ। छनोटमा युवा ब्याट्सम्यान लोकेश बम र विवेक यादव पहिलोपटक राष्ट्रिय टोलीमा पर्नुभएको छ। यस्तै शरद भेषवाकर, प्रदीप ऐरी र जितेन्द्र मुखियाले राष्ट्रिय टिममा पुनरागमन गर्नुभएको छ।

नेपाली टोलीमा सन्दीप लामिछाने (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषवाकर, आरिफ शेख, करण केसी, जितेन्द्र मुखिया, अभिनाश बोहरा, शाहब आलम, कमलसिंह ऐरी, कुशल मल्ल, विवेक यादव, लोकेश बम र प्रदीप ऐरी हुनुहुन्छ।

यसैबीच अष्ट्रेलियामा जारी बिग बास लिग टी-२० क्रिकेटमा सहभागिता जनाएर नेपाली कप्तान सन्दीप लामिछाने शुक्रबार राति स्वदेश फर्किनुभएको छ। सन्दीप लगत्तै बन्द प्रशिक्षणमा सहभागी हुनुहुने भएको छ।

# भुटानिज युथ क्लबलाई पराजित गर्दै एपिएफ सेमिफाइनलमा

**हिमालय टाइम्स**

**पोखरा, ८ माघ**




भुटानिज युथ स्पोर्ट्स क्लब (बिवाइएससी) लाई पराजित गर्दै नेपाल एपिएफ फुटबल क्लब पोखरामा जारी २०औं आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। पोखरा रंगशालामा शनिबार भएको पहिलो क्वार्टरफाइनलमा एपिएफले ३-१ को जित हात पार्दै अन्तिम चारमा प्रवेश गर्न सफल भएको हो।

दोस्रो हाफको ४८औं मिनेटमा बिवाइएससीले सुरुवाती अग्रता लिएको थियो। मिगेल पालाफक्सले हेडरमार्फत् गोल गर्दै पाहुना टोलीलाई अग्रता दिलाउनुभएको थियो। तर, त्यसपछि उत्कृष्ट पुनरागमन गर्दै एपिएफ अघि बढ्यो। ६९औं मिनेटमा एपिएफले आवास लामिछानेको पेनाल्टीमार्फत् खेल बराबरीमा ल्यायो। ८४औं मिनेटमा वैकल्पिक खेलाडी रवि थिङले गोल गर्दै एपिएफको अग्रता दोब्बर पार्नुभयो।

यस्तै इन्जुरी समयमा रविले व्यक्तिगत दोस्रो तथा एपिएफका लागि तेस्रो गोल गर्नुभयो। एपिएफले अब सेमिफाइनलमा सोमबार हुने संकटा र मच्छिन्द्रबीचको विजेतासँग खेल्नेछ। आइतबार प्रतियोगिताअन्तर्गत मनाङ मर्स्याङ्दी क्लब र नेपाल पुलिस क्लबबीच खेल हुनेछ।

'खेलकुद विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरका रूपमा स्थापित गरौं' भन्ने उद्देश्यका साथ सहारा क्लब पोखराद्वारा आयोजित २०औं संस्करणको प्रतियोगितामा नेपालका 'ए' डिभिजनका क्लब, आयोजक सहारा र एक विदेशीसहित १० टोलीको सहभागिता रहेको छ। प्रतियोगितामा संकटा फुटबल क्लब, मच्छिन्द्र क्लब, मनाङ मर्स्याङ्दी क्लब, नेपाल पुलिस क्लब, हिमालयन शेर्पा क्लब, थ्रिस्टार क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल एपिएफ क्लब, बिवाइएससी मिनेसोटा अमेरिका र सहारा क्लब पोखराको सहभागिता रहनेछ।

आगामी माघ १५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले १० लाख एक हजार र उपविजेताले पाँच लाख एक हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। यसैगरी उत्कृष्ट पाँच विधाका खेलाडीले जनही २५ हजार रुपैयाँका दरले पुरस्कार पाउनेछन्।

# स्पेनिस ला लिगा : रियल बेटिसको सानदार जित

**एजेन्सी**

**म्याड्रिड, ८ माघ**

स्पेनिस ला लिगाको तेस्रो स्थानमा रहेको रियल बेटिसले स्पान्योलमाथि सानदार जित निकालेको छ। शुक्रबार राति भएको खेलमा बेटिसले १० खेलाडीमा समेटिएको स्पान्योललाई उसैको मैदानमा ४-१ गोलले हरायो।

रियल बेटिसको जितमा बोर्जा इग्लेसियसले दुई तथा गुइडो रोड्रिग्वेज र जोस विलियसले गोल गर्नुभयो। स्पान्योलका राउल डे टोमसको सुरुवाती गोल सान्त्वना गोलमा परिणत भएको थियो। राउल डे टोसमले १४औं मिनेटमा गोल गर्दै घरेलु टोलीको उत्साह जगाउनुभएको थियो।

तर, स्पान्योलको अग्रता लामो समय टिकेन। ३१औं मिनेटमा बेटिसका बोर्जा इग्लेसियसले पेनाल्टीमा गोल गर्दै खेललाई बराबरीमा ल्याउनुभयो। ३६औं मिनेटमा गुइडो रोड्रिग्वेजले नविल फेकिरको पासमा गोल गर्दै पहिलो हाफमा बेटिसलाई २-१ गोलको अग्रता दिलाउनुभयो।

दोस्रो हाफमा पनि सानदार प्रदर्शन गरेको बेटिसले ५३औं मिनेटमा तेस्रो गोल गरेको थियो। बोर्जा इग्लेसियसले सर्जिओ कानालेसको पासमा गोल गर्दै बेटिसलाई थप बलियो बनाउनुभयो। त्यसपछि ७६औं मिनेटमा जोस विलियसले नविल फेकिरको पासमा गोल गर्दै बेटिसलाई सहज जित दिलाउनुभयो। ८१औं मिनेटमा राउड डे टोमस दोहोरो पहेँलो (रातो) कार्ड पाउँदै बाहिरिएपछि स्पान्योल १० खेलाडीमा समेटिएको थियो। सुरुवातमै गोल गरेको स्पान्योल अन्त्यमा फराकिलो हार खेप्न बाध्य बन्यो। दुई गोल गर्नुभएका बेटिसका बोर्जा इग्लेसियस 'म्यान अफ दि म्याच' हुनुभयो।

जितसँगै तेस्रो स्थानमा यथावत् रहेको बेटिसले २२ खेलबाट ४० अंक बनाएको छ। शीर्ष स्थानमा रहेको रियल म्याड्रिडको ४९ अंक छ। एक खेल कम खेलेको सेभिया ४५ अंकसहित दोस्रो स्थानमा छ। पराजित स्पान्योल २७ अंकसहित ११औं स्थानमा छ।

# नाडाल अस्ट्रेलियन ओपनको चौथो चरणमा

**एजेन्सी/सिड्नी।** स्पेनिस टेनिस खेलाडी राफाल नाडाल अस्ट्रेलियन ओपनको चौथो चरणमा प्रवेश गर्नुभएको छ। मेलवर्न पार्कमा शुक्रबार भएको ३०औं वरीयताका रसियन करिन खाँचानोभलाई ३-१ को सेटमा पराजित गर्दै नाडालले अन्तिम १६ मा स्थान पक्का गर्नुभएको हो। एकपटकको च्याम्पियन तथा पाँचपटक फाइनलमा प्रवेश गर्नुभएका ३५ वर्षीय नाडालले खाँचानोभलाई ६-३, ६-२, ३-६ र ६-१ को सेटमा हराउनुभयो। अब नाडालले प्रि-क्वार्टरफाइनलमा १५औं वरीयताका रसियन अस्लान कारातसेभसँग खेल्नुहुनेछ।

नाडालले २००९ मा स्वीस रोजर फेडेररलाई हराएर पहिलोपटक अस्ट्रेलियन ओपनको उपाधि जित्नुभएको थियो। त्यसबाहेक २०१२, २०१४, २०१७ र २०१९ मा फाइनलमा पुगे पनि उहाँले उपाधि भने जित्न सक्नुभएको छैन। यस्तै तेस्रो वरीयताका जर्मनीका एलेक्सान्डर जेभेरेभ र सातौं वरीयताका इटालीका माटियो बेरारटिनीले पनि अन्तिम १६ मा स्थान बनाउनुभएको छ। जेभेरेभले मोल्दोभाका राडु अल्बोटलाई ६-३, ६-४ र ६-४ को सोझो सेटमा हराउँदा बेरारटिनीले स्पेनका १८ वर्षीय कार्लोस एल्काराजलाई पाँचौं सेटमा हराउनुभएको हो। बेरारटिनीले ६-२, ७-६ ९७-३०, ४-६, २-६ र ७-६ (१०-५)को जित निकाल्नुभएको थियो।


## नेपालगन्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**नेपालगन्ज, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(सूचना प्रकाशित मिति : २०७८/१०/०९)**

नेपालगन्ज उप-महानगरपालिकाको आ.ब. २०७८/०७९ लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्री खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको ३० (तीस) दिने बिद्युतीय (E-bidding) बोलपत्र आह्वान गरिएको छ।

**शर्तहरू:**

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. ०७७/०७८ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर रु. ३,०००।०० (तीन हजार) तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ। यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, नेपालगन्ज स्थित आम्दानी खाता ४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ upload गर्नु पर्नेछ।

२. दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको १४:०० बजे बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट क्रमश: कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. बोलपत्र साथ रु. १,५०,०००।०० (अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) रकम बराबर नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि, स्थित यस कार्यालयको धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरेको भौचर वा मान्यत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ।

५. बोलपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको सार्वजनिक खरिद ऐन, २०६३ र नेपालगन्ज उप-महानरपालिकाको सार्वजनिक खरिद नियामावली, २०७६ अनुसार हुने रकम बरावरको धरौटी यस उप-महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक लि., नेपालगन्ज स्थित धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ।

६. बोलपत्र साथ सम्बन्धित बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्यबाहीमा आफनो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्व-घोषणा कागजातमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनुपर्नेछ।

७. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धिकर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।

८. सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरुमध्ये आइटमबाइज रुपमा सबैभन्दा घटीदर कबोल गर्ने फर्मको बोलपत्र स्वीकृत गरिनेछ।

९. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उप-महानगरपालिकालाई हुनेछ।

१०. रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नबुझिने बोलपत्रदाताको हस्ताक्षर नभएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

११. औषधि खरिद गर्दा GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ र बोलपत्रको साथमा सोको प्रमाणित प्रतिलिपी पेश गर्नुपनेछ। बोतलमा सप्लाई हुने औषधिहरु प्लाष्टीक बोतलमा भएको हुनु पर्नेछ र बांकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ।

१२. खरिद हुने औषधिहरुको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरु स्वीकार गरिने छैन।

१३. औषधि आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधिहरुको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधि तथा समाग्रीहरुमा नि:शुल्क वितरणका लागि भन्ने उल्लेख भएको हुनु पर्नेछ।

१४. औषधी सप्लाई गर्ने कम्पनीले फर्महरुको नाममा औषधिहरुको छुट्टाछुट्टै Manufactures Authorization Letter प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

१५. अन्य हकमा सार्वजनिक खरिद ऐन, २०६३, र नेपालगन्ज उप-महानरपालिकाको सार्वजनिक खरिद नियामावली, २०७६ बमोजिम हुनेछ। थप जानकारीको लागि कार्यालयको फोन :०८१-५२०१५१ मा सम्पर्क गर्न सकिने छ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| सि.नं. | सूचना नं. | कामको विवरण | जमानत रकम रु. |
|---|---|---|---|
| १. | NSMC/NCB/G01/078/79 | औषधी तथा सर्जिकल सामाग्री खरिद | रु. १,५०,०००।०० |

**(प्रमुख प्रशासकीय अधिकृत)**
**नेपालगन्ज उप-महानगरपालिका**



## Invitation for Online Quotations

**Shivasatakshi Municipality**
**office of municipal executive**
**province 1, Jhapa**

**Invitation of Online Sealed Quotations for the Following Construction works**

Date of publication: **2078/10/09 (23-jan-2022)**

1. The Shivasatakshi Municipality invites online quotations for the Following construction Works.

| Contract ID | Description | Eastimated Amount (without VAT) | Bid doc Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|
| SM/SQ/05/2078/079 | Construction of incomplete Box culvert at south of Pashupati Academy, shivasatakshi 08 | 7,78,317.42 | 1000.00 | 23,000.00 |

2. Eligible Bidders may obtain further Information from *PPMO website www.bolpatra.gov.np/*egp.
3. *Bidder who submit their bid electronically may download the bidding documents from www.bopatra.gov.np/egp* till 12:00, **2078/10/24 (07-Feb-2022).** *Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account*
*Name of the Bank: Mega Bank Nepal LTD.*
*Name of Office: Shivasatakshi Municipality*
*Office Account no(Rajaswa Khata ).:* ***3140010000128***
4. Online bids must be submitted *through www.bopatra.gov.np/egp* egp on or before 12:00 on **2078/10/24 (07-Feb-2022)** Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, **2078/10/24 (07-Feb-2022)** the office of *Shivasatakshi Municipality* Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security amount as mention above should deposited at Dharauti Khata a/c no ***3140010000161*** on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD ,Birtamod Branch.

or

Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Financial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**